# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७ ] काठमाडौं मार्ग ३ गते २०१४ साल [ संख्या ३१

### कानून मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको यस लेखिएबमोजिमको ऐन सर्वसाधारण जनताको जानकारीको लागि प्रकाशित गरिएको छ ।

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली-विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवन—प्रजातन्त्रश्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

२०१४ सालको ऐन नं. ७

### नेपाल खानी ऐन, २०१३ लाई संशोधन गर्ने ऐन

नेपाल खानी ऐन २०१३ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलका सल्लाहअनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ ।



४०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम:- यस ऐनको नाम-"नेपाल खानी ( पहिलो संशोधन ) ऐन, २०१४" रहेको छ।

२. मूल ऐनमा दफा १० थप्ने:- मूल ऐनको दफा ६ पछि देहायको दफा १० थपिएको छ।

१०. खनिज पदार्थ सरकारको सम्पत्ति हुने:- शङ्का निवारणको लागि स्पष्ट गरिन्छ कि यो ऐन प्रारम्भ हुनुभन्दा अघि वा पछि नेपाल राज्यभित्र जोसुकैको जुनसुकै किसिमका जग्गामा भएका वा पाइएका खनिज पदार्थहरू सम्पूर्णरूपमा सरकारको सम्पत्ति हुनेछ।

लाल मोहर सदर मिति २०१४ साल कार्तिक २८ गते रोज ४ शुभम्-

आज्ञाले-

नयनबहादुर खत्रीक्षत्री.

सेक्रेटरी- कानून तथा संसदीय प्रबन्धमन्त्रालय.

## कानून मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारण जनताको जानकारीको लागि प्रकाशित गरिएको छ।

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवन-प्रजातन्त्रश्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कमाण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम्।

२०१४ सालको ऐन नं. ८

## सर्वोच्च अदालत ऐनलाई संशोधन गर्ने ऐन

न्याय अझ छिटो र सर्वसुलभ बनाउन तथा न्याय व्यवस्थालाई अधिकाधिक दृढ पार्न सर्वोच्च अदालत ऐन( यसपछि मूल ऐन भनिएको ) मा केही

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संशोधन गर्नु पर्ने भएकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाह-अनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :-- (१) यस ऐनको नाम-'सर्वोच्च अदालत ऐन, (दोस्रो संशोधन) २०१४' रहेको छ ।

(२) यो ऐन, २०१४ साल भाद्र ५ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२ मूल ऐनको दफा ५ को संशोधनः— सर्वोच्च अदालत ऐन २०१३ को दफा ५ को उपदफा (२) को सट्टा तल लेखिएबमोजिम दफा ५ को उपदफा (२) राखिएको छ ।

(२) दफा ३ को उपदफा (१) मा जेसुकै लेखिएको भए तापनि सरकारले तोकिएको अवधिसम्मलाई आवश्यक भएजति अतिरिक्त न्यायाधीशको नियुक्ति गर्न सक्तछ र ती अतिरिक्त न्यायाधीशहरूमध्ये सरकारले चाहिएका खण्डमा कुनैलाई पनि न्यायसम्बन्धी काममा काज खटाउन सक्नेछ । दफा (३) को उपदफा ४ को खण्ड (ग) मा जेसुकै लेखिएको भए तापनि सो खण्डमा उल्लिखित योग्यता नभएको व्यक्ति यस उपदफा अन्तर्गत नियुक्त हुने अतिरिक्त न्यायाधीशको पदमा छानिन सक्नेछ ।

लालमोहर सदर मिति २०१४ साल कार्तिक २८ गते रोज ४ शुभम्—

आज्ञाले--

नयनबहादुर खत्री क्षत्री,

सेक्रेटरी—कानून तथा संसदीयप्रबन्धमन्त्रालय.

403

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०४